चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/२६)

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ को उपदफा (६) बमोजिम चिकित्सा शिक्षा आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा "चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोटसम्बन्धी कार्यविधि, २०८३" अनुसार देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छः-

१. <u>उम्मेदवारको योग्यता:</u>

(क) चिकित्सा शिक्षा आयोगको निर्देशनालय वा बोर्डको कामसँग सम्बन्धित दक्षता भएको,

(ख) कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा अनुभव भएको,

(ग) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल, स्वच्छ छवि र व्यावसायिकता भएको ।

२. <u>दरखास्तसाथ पेश गर्नुपर्ने कागजात:</u> उम्मेदवारले दरखास्तसाथ देहायका विवरणहरु खुल्ने स्वयम् प्रमाणित कागजातहरू पेश गर्नुपर्ने छः-

(क) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) सम्पर्क खुल्ने व्यक्तिगत विवरण (Curriculum Vitae-CV) चार प्रति,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्नातक वा सोभन्दा माथिल्लो तहको शैक्षिक योग्यतासम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(ङ) चिकित्सा शिक्षा आयोगको निर्देशनालय वा बोर्डको कामसँग सम्बन्धित दक्षता खुल्ने प्रमाणको प्रतिलिपि,

(च) प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा नियुक्त भएको नियुक्ति पत्रको प्रतिलिपि,

(छ) सम्बन्धित क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको अनुभव खुल्ने सम्बन्धित संस्थाको प्रमाणपत्रको प्रतिलिपि,

(ज) आफू सम्बद्ध क्षेत्रको नेतृत्यदायी पदमा रही उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल र व्यावसायिकता प्रदर्शन गरेको प्रमाणको प्रतिलिपि,

(झ) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजातहरू,

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
जावलाखेल, ललितपुर

(ञ) चिकित्सा शिक्षा आयोग र आफूले नियुक्तिको लागि इच्छाएको निर्देशनालय वा बोर्डसँग सम्बन्धित विषय केन्द्रीत भई तयार गरेको सोचपत्र (Vision Paper) । सोचपत्र नेपाली वा अङ्ग्रेजी भाषामा ए फोर साइजको कागजमा कम्प्युटर टाइप गरिएको २००० (दुई हजार) शब्दमा नबढाई तयार गरी ३ (तीन) प्रति पेश गर्नुपर्ने छ । पेश गरेको सोचपत्रको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनुपर्ने छ । सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनुपर्ने छ । सोचपत्र खाम भित्र राखी शिलबन्दी गरिएको हुनुपर्ने छ ।

(ट) कार्यविधिको अनुसूची-२ बमोजिमको स्वःघोषणा,

(ठ) दरखास्त दस्तुर तिरेको रसिद ।

३. **दरखास्त पेश गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशन भएको मितिले सात दिनको कार्यालय समय भित्र (मिति २०८३/०३/३२ गते भित्र) । (अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

४. **दरखास्त पेश गर्ने स्थानः** चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर ।

५. **दरखास्त दस्तुर :** उम्मेदवारले दरखास्त दस्तुर वापत रू. ५,०००/- (पाँच हजार) चिकित्सा शिक्षा आयोगको कार्यालय कोड ३५०२१३३०२ राजश्व शिर्षक नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) राष्ट्रिय वाणिज्य बैङ्क वा नेपाल बैङ्क लिमिटेडमा बुझाउनु पर्ने छ ।

<u>नोटः</u> "चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोटसम्बन्धी कार्यविधि, २०८३" र यो सूचना चिकित्सा शिक्षा आयोगको वेवसाइट https://www.mec.gov.np/np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर (सम्पर्क न.०१-६६३९४१५) मा सम्पर्क राख्न सकिने छ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर